## मिति २०८२ वैशाख ८ गते बसेको मन्थली नगरपालिकाको

## कार्यपालिकाको ४१ औं वैठकका निर्णयहरु

**निर्णय नं. १**

कार्यपालिकाको अघिल्लो ४० औं वैठकमा भएका निर्णय र सो सम्बन्धमा भएको कार्य प्रगतिवारे छलफल तथा समीक्षा गरियो। अघिल्लो वैठकका निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक पाईयो।

**निर्णय नं. २**

वागमती प्रदेश सरकारबाट आगामी आ.व. २०८२/८३ मा समपुरक अनुदान र विशेष अनुदानबाट देहायका योजना सञ्चालन गर्न प्रस्ताव गर्ने ।

१. प्रदेश समपुरक अनुदान

क) देविटार फुलासी सडक मनपा १३ र १४ (क्रमागत)

ख) सावाँडाँडा पशुपति सिक्राल साउनेपानी सडक मनपा १२ (क्रमागत)

ग) ठुली मदौ ठाँटी सडक मनपा ३(क्रमागत)

२. प्रदेश विशेष अनुदान

क) कठजोर खोला वृहत कुलो निर्माण मनपा २

ख) खाल्टेपानी ट्याङ्की निर्माण मनपा ५

ग) काउले सिंगारे नाटिला खानेपानी योजना मनपा ११

**निर्णय नं. ३**

मन्थली नगरपालिका वडा नं. ६ मा प्रस्तावित फोहोरमैला व्यवस्थापन केन्द्र निर्माणको प्रक्रियाका लागि हालसम्म देहाय बमोजिमका कार्य सम्पन्न भई सकेको र केन्द्र निर्माणस्थल नेपाल सरकारको राष्ट्रिय वन क्षेत्रको जग्गामा पर्ने भएकाले उक्त जग्गामा फोहोरमैला व्यवस्थापन केन्द्र स्थापनाका लागि आवश्यक जग्गा भोगाधिकारमा लिन सम्बन्धित निकायमा अनुरोध गर्ने।

(क) उक्त आयोजनाको प्रतिवेदन तयार भएको।

(ख) उक्त आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार भई स्वीकृत भएको।

(ग) नापी कार्यालयको समन्वयमा नापी नक्सा चारकिल्ला को-अर्डिनेट सहितको चारकिल्ला तयारी भएको।

रवीन्द्र सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

(घ) आयोजना कार्यान्वयनका लागि स्थानीय सरोकारवालाहरुसँग छलफल भई सहमति कायम भएको ।

(ङ) वन मन्त्रालयबाट जारी कार्यविधिमा उल्लेख भएको प्रावधान बमोजिम कमसल खालको जग्गामा परेको ।

(च) यस आयोजना नगरको प्राथमिकता प्राप्त आयोजनामा परी आयोजना छनौट भई संघीय समपुरक आयोजनामा प्रस्ताव भएको ।

**निर्णय नं. ४**

मन्थली नगरपालिकाको आयठेक्का बन्दोवस्त सम्वन्धी कार्यविधी २०८१ परिमार्जन सहित पारित गर्ने ।

**निर्णय नं. ५**

मन्थली नगरपालिका वडा नं. १४ मा रहेको भोटनागी लगायतका क्षेत्रका जग्गाहरु मनपा १४ मा हुनुपर्नेमा नक्साङ्कनमा दोरम्बा शैलुङ्ग गाँउपालिकाको वडा नं. १ मा पर्न गएको देखिएको र यसबाट मन्थली नगरपालिका र दोरम्वा शैलुङ्ग गाँउपालिकाको सिमाना नै स्पष्ट हुन नसक्ने भएकाले पालिकाको सिमानाका सम्बन्धमा साविक जिल्ला विकास समितिको कार्यालयको प.सं. २०६९/७० च.नं. १६० मिति २०६९ साउन ३२ को पत्रमा उल्लेख भए बमोजिम साविक फुलासी गाविस वडा नं. ८ को (हाल मनपा १४ को पश्चिम) र साविक डडुवा गाविस वडा नं. १ (हाल दोरम्बा शैलुङ्ग गाँउपालिका वडा नं. १ को दक्षिण) को सिमाना छाँगाखोला भोटनागी देखि खोलैखोला देवीथान देवी वहादुर कार्कीको जग्गासम्मको जग्गा मनपा १४ मा कायम गराउन सम्बन्धित निकायमा अनुरोध गर्ने ।

**निर्णय नं. ६**

नेपाल पर्यटन वोर्डको सहयोगमा मन्थली नगरपालिकाको पर्यटन योजना तर्जुमा गर्ने सम्बन्धमा वोर्डले उपलब्ध गराउने रकममा अपुग वजेट नगरपालिकाको तर्फबाट उपलब्ध गराउने र तोकिएको कार्यशर्त (TOR) मा आपसी समझदारी बमोजिम निर्धारण गरी कार्य प्रक्रिया अगाडि बढाउन नेपाल पर्यटन बोर्डमा प्रतिबद्धता जनाउने ।

**निर्णय नं. ७**

भूमि समस्या समाधान आयोगबाट भूमिहीन दलित भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीको लगत संकलनका लागि गरिएको सार्वजनिक सूनचांको समय अप्रयासको कारण अझै केही भूमिहीन

दलित भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत छुट भएको भन्ने गुनासी प्राप्त भएकाले लगत संकलनका लागि निवेदन दिन एक हप्ताको सार्वजनिक सूचना प्रकाशन गर्न भूमि समस्या समाधान आयोग रामेछापलाई सिफारिस गर्ने ।

**निर्णय नं. ८**

मन्थली नगरपालिकाका देहायका स्थानमा झोलुङ्गे पुल निर्माण गर्न पूर्वाधार विभाग पुल्चोक ललितपुरमा अनुरोध गर्ने ।

क) ढिकुरी झो.पु. निर्माण मनपा ७ (मेला वृज)
ख) खोकरखोला विरुवा भाङलाङ्ग झो.पु. निर्माण मनपा १४
ग) भदौरे महादेवटार झो.पु. निर्माण मनपा ८/१०
घ) जवदे खैरेनी झो.पु. निर्माण मन्थली ८/११
ङ) ठुली मदौ राल्टार सुनारपानी झो.पु. निर्माण मन्थली ३/५

**निर्णय नं. ९**

मन्थली नगरपालिकाद्वारा सञ्चालित मन्थली नगर अस्पतालको नयाँ भवन निर्माण कार्य सम्पन्न भई उक्त भवनमा सेवा सञ्चालनको कार्य शुरु भई सकेको,

मन्थली नगरपालिका वडा नं. १ मा सञ्चालित जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र रामेछाप मन्थलीको सेवा सुचारुको लागि भवन अभाव भएकाले यस अघि मन्थली अस्पतालले सेवा सञ्चालन गर्दै आएको पुरानो भौतिक संरचनामा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रको सेवा सञ्चालनका लागि अनुमति माग भई आएको,

मन्थली नगर अस्पताल व्यवस्थापन समितिबाट समेत मन्थली नगर अस्पतालको सेवा सञ्चालनका लागि हाल भवन पर्याप्त भएकाले आयुर्वेद स्वास्थ्य केन्द्रलाई स्वास्थ्य सेवा सञ्चालनका लागि संरचना उपलब्ध गराउने समेत निर्णय भई आएकाले मन्थली अस्पतालको पुरानो भवन लगायतका भौतिक संरचनामा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रको सेवा सञ्चालनका लागि अनुमति प्रदान गर्ने ।